नेपाल धितोपत्र बोर्ड
Securities Board of Nepal
अध्यक्ष
Chairman
केन्द्रीय कार्यालय:
खुमलटार, ललितपुर, नेपाल
Central Office:
Khumaltar, Lalitpur, Nepal

प्रतिबद्धता

नेपाल धितोपत्र बोर्ड स्थापनाको ३३ औं वर्षमा प्रवेश गरेको शुभ अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यू, विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयका कर्मचारीज्यूहरू, बोर्डका पूर्व अध्यक्ष तथा सदस्यज्यूहरू, वर्तमान बोर्ड सदस्यज्यूहरू, कर्मचारीहरू, धितोपत्र बजार तथा व्यवसायी, सूचीकृत कम्पनी, सञ्चारकर्मी, लगानीकर्ता एवं सम्पूर्ण शुभेच्छुकहरूबाट प्राप्त सहयोग तथा सदभाव प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धितोपत्र बजारको विश्वसनियता कायम राख्दै पुँजी बजारको विकास तथा विस्तार गर्न बोर्ड सधैं प्रतिवद्ध रहेको व्यहोरा अनुरोध गर्न चाहन्छु। साथै पुँजी बजारलाई स्वच्छ, पारदर्शी तथा भरपर्दो बनाई लगानीकर्ताको हक हित संरक्षण गर्न र धितोपत्र बजारलाई आधुनिक प्रविधिमैत्री बनाई लगानीका दीर्घकालीन अवसरहरू प्रदान गरी अर्थतन्त्रमा उत्पादन, रोजगार तथा आम्दानीमा वृद्धि गर्ने मार्गतर्फ अग्रसर रहेको अनुरोध गर्दछु । त्यसैगरी संस्थागत सुदृढिकरणको लागि प्रविधिमैत्री प्रणाली लागू गरि नियमन तथा सुपरिवेक्षणको कामहरूलाई प्रभावकारी रूपमा कार्यान्वियन गरिने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि गर्ने कार्यलाई थप महत्वकासाथ कार्यान्वयन गरिनेछ ।बोर्डले धितोपत्र बजार सम्बन्धी गतिविधिहरूलाई विश्वसनीय, गतिशील र पारदर्शी बनाउन IOSCO बाट प्रतिपादित बजार सम्बन्धी सिद्धान्त, अन्तर्राष्ट्रिय प्रचलित अभ्यास एवं सरकारका अन्य सरोकारवाला निकायहरूको निर्देशन एवं मार्गदर्शन र नेपाल सरकारले तय गरेका बजार विकासका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र धितोपत्रसम्बन्धी कानुन एवं कार्य प्रक्रियामा सुधार गर्ने कार्य अगाडि बढाइनेछ ।साथै बोर्डको नियमन तथा सुपरिवेक्षण गतिविधिलाई थप प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै अगाडि बढिनेछ।

अन्त्यमा, नेपाल सरकारको आवधिक १६ औं योजना, आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटले धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी लिएका नीति, रणनीति तथा कार्यक्रम अनुरूपका निर्धारित लक्ष्य हासिल गर्न टेवा पुर्याउने बोर्डको नीति तथा कार्यक्रम तर्जुमा गरी सो अनुरूप कार्यान्वयन कार्ययोजना लागू गरिने भूमिकातर्फ अग्रसर रहिरहने प्रतिबद्धता व्यक्त गर्दै बजारको प्रभावकारी नियमन, सुपरिवेक्षण र थप विकास तथा सुधारका लागि नेपाल सरकार लगायत वित्तीय क्षेत्रका अन्य नियमन निकायहरू, अन्तर्राष्ट्रिय संघ संस्था तथा बजार सम्बद्ध पक्षहरू सबैबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु।

२०८२ जेष्ठ २५ ।

सन्तोष नारायण श्रेष्ठ
अध्यक्ष

Post Box No.: 9031, Phone: 01-5554981, 5541057, Fax No.: 01-5541058
Toll Free No.: 1660-01-44433, Email: chairman@sebon.gov.np, Website: www.sebon.gov.np